नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

( प्रशासन शाखा )
मिनभवन, काठमाडौं, नेपाल

फोन नं. ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५७
इमेल : info@dos.gov.np

पत्र संख्याः-२०७६/७७/१/१४
प्राप्त पत्र संख्याः..............
च.नं.: ६५३

मिति : २०७६/८/१६

विषय : मनोनयन फारम भरी पेश गर्ने सम्बन्धमा ।

श्री स्थलरुप नापी तथा भूउपयोग व्यवस्थापन महाशाखा, नापी विभाग, मिनभवन ।
श्री कित्तानापी महाशाखा, नापी विभाग, मिनभवन ।
श्री खगोल तथा भूमापन महाशाखा, नापी विभाग, मिनभवन ।
श्री भौगोलिक सूचना पूर्वाधार महाशाखा, नापी विभाग, मिनभवन ।
श्री नापी कार्यालयहरु सबै ।
श्री विशेष नापी कार्याल सबै ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. २०७६/०७७/१(१)२० च.नं. ८४८ मिति २०७६।८।१३ को पत्रानुसार नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावालाखेलबाट मिति २०७६ पौष २१ र २०७६ माघ ६ गते देखि संचालन हुने Advanced Course on Mangement and Development (ACMD) तालिममा मनोनयन हुन चाहाने इच्छुक कर्मचारीहरुले मिति २०७६।८।२३ गते भित्र यस विभागमा मनोनयन फारम भरी पेश गर्न उक्त पत्रको छायाप्रति यसै साथ संलगन राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

( धृता कुमारी खत्री )
शाखा अधिकृत

बोधार्थ :

श्री नापी विभाग, सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा : website मा सूचना प्रविष्ट गरिदिनु हुन अनुरोध छ ।

फोन नं. ४२११६६६
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रशासन

पत्र संख्याः- २०७६/०७७/११।२०
चलानी नं.- ८६८

मितिः- २०७६/०८/१३

विषयः प्रशिक्षार्थी छनौट गरी पठाई दिने सम्बन्धमा ।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँबानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रे ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलको प.स. PSTD/CIsT/076/077 च.नं. ३७४ मिति २०७६/०८/०९ को पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ । सो अनुसार तालिम लिन ईच्छुक कर्मचारीहरु सिफारिश गरी मनोनयन फाराम समेत मिति २०७६/०८/२५ गते भित्र पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

(मञ्जु थापा)
शाखा अधिकृत

२०८३
२०७६।८।१६

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

प्र.मा ११६८
२०७६/८/१३

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College

"... devoted to making differences positively."

प.सं. PSTD/ClsT 076/077
च.नं. 374/076/077

मिति : २०७६ ०८ ०१
२०७६/०८/१३

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Advanced Course on Management and Development (ACMD) तपसिल बमोजिमको समयतालिकामा संचालन हुने व्यहोरा जानकारी गराउँदछु । अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३५ कार्यदिन संचालन हुने यस तालिम कार्यक्रममा त्यस मन्त्रालय वा अन्तरगतका निकायबाट २ वटा कार्यक्रमहरूको लागि जम्मा ४ जना द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई उल्लेखित समयतालिकामा तालिम लिन चाहेको मिति र सोको लागि मनोनित कर्मचारीहरुको नामावली मनोनयन फाराम सहित मिति २०७६/०८/३० गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ ।

| क्रम | कार्यक्रम | मिति | जम्मा |
|---|---|---|---|
| १ | पहिलो कार्यक्रम संचालन हुने | २०७६ पौष २१ गतेदेखि २०७६ फाल्गुण १२ गतेसम्म | २ जना |
| २ | दोश्रो कार्यक्रम संचालन हुने | २०७६ माघ ६ गतेदेखि २०७६ फाल्गुण २७ गतेसम्म | २ जना |

मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७६ मंसिर मसान्त सम्ममा न्यूनतम २ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन् ।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ ।
५. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।
७. मनोनयन फाराम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ । सम्वन्धित उम्मेदवारले प्रतिष्ठानको वेभसाइटमा राखिएको Notices भित्र Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फाराम डाउनलोड गर्न सक्नेछन् ।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन । तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ । मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ ।

सम्पर्क :
शैलजा उपाध्याय
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
मोबाइल नं. ९८५११९०७१५

शितल मोक्तान तामाङ्ग
अध्ययन उप-निर्देशक
मोबाइल नं. ९८५१०२२६८३

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np